नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

शिक्षक सेवा आयोगको एक महिलासहित दुईजना सदस्य नियुक्तिका लागि दरखास्त आह्वानसम्बन्धी सूचना
प्रकाशित मिति २०८१/१०/०१ गते

शिक्षक सेवा आयोगमा हाल रिक्त रहेको र रिक्त हुने एक महिलासहित दुईजना सदस्य नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस समितिद्वारा स्वीकृत "शिक्षक सेवा आयोगका सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८१" बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरूबीच योग्यताक्रम निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई तोकिएबमोजिम आयोगको सदस्य नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट देहायबमोजिम रीतपूर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**<u>देहाय</u>**

**१. योग्यता तथा अनुभव**

शिक्षक सेवा आयोगको सदस्यको पदमा नियुक्तिको लागि देहायका योग्यता पुगेको हुनु पर्ने छः

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) नियुक्ति हुनु भन्दा कम्तिमा दुई वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) चालीस वर्ष उमेर पूरा भई पैसठ्ठी वर्ष ननाघेको,

(ङ) कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष काम गरेको।

**२. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**

उम्मेदवारले दरखास्तका साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरू समावेश गर्नुपर्ने छः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको स्वयम् प्रमाणित छाँयाप्रति,

(ख) शैक्षिक योग्यतासम्बन्धी स्वयम् प्रमाणित कागजातहरू,

(ग) अनुभव खुल्ने सम्बन्धित संस्थामा पूरा समय काम गरेको संस्थागत प्रमाणित कागजातहरू,

(घ) सदस्य भएपछि आयोगको सदस्यको रुपमा गर्ने कार्य र भूमिका उल्लेख भएको अवधारणा पत्र (Concept Paper) सहितको पाँच वर्षको व्यवसायिक कार्ययोजना (Professional Work Plan) रहेको सिलवन्दी खाम ।

**अवधारणापत्र सहितको कार्ययोजनामा देहाय बमोजिम हुनु पर्नेछः**

i. कम्तिमा ३००० देखि बढीमा ५००० शब्दसम्मको हुनु पर्नेछ,

ii. नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको हुनु पर्नेछ,

iii. पहिलो पृष्ठको सबभन्दा माथि आफ्नो नाम लेखिएको हुनु पर्नेछ,

iv. अन्य पृष्ठको हकमा पश्च भागमा आवेदकले दस्तखत गरेको हुनु पर्नेछ,

२०८१/९/२९

v. सो बाहेक अग्र पृष्ठमा कहीं कतै पनि नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नभएको हुनु पर्नेछ,

vi. अवधारणा पत्र (Concept Paper) सहितको पाँच वर्षको व्यवसायिक कार्ययोजना (Professional Work Plan) खाममा राखी शिलबन्दी गरिएको हुनु पर्नेछ,

vii. दरखास्त साथ अवधारणा पत्र (Concept Paper) सहितको पाँच वर्षको व्यवसायिक कार्ययोजना (Professional Work Plan) को प्रस्तुतीकरण समेत छुट्टै खाममा शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(ङ) दुई वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको स्वयम् घोषणा गरेको घोषणापत्र ।

(च) दरखास्त दस्तुर वापत रु.५०००/- कार्यालय कोड नं ३५०००३५०१, राजस्व खाता न १४२२४ मा बुझाएको बैंक भौचर।

### ३. दरखास्त सङ्कलन र मूल्याङ्कन

(क) दरखास्त सङ्कलनसम्बन्धी कार्य तोकिएको अवधिभर कार्यालय समयभित्र समितिको सचिवालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, सिंहदरबारबाट हुने छ।

(ख) रितपूर्वक दरखास्त दिने उम्मेदवारहरुको मूल्याङ्कन "शिक्षक सेवा आयोगका सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८१" मा तोकिए बमोजिम हुनेछ ।

(ग) दरखास्त फाराम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

(घ) दरखास्तसम्बन्धी कुनै द्विविधा परेमा मन्त्रालयको सम्पर्क नम्बर ०१-४२११९८५ वा मोबाइल नम्बर ९८५७६२२५७७ मा सम्पर्क गर्न सकिने छ ।

यो सूचना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट www.moest.gov.np मा पनि हेर्न सकिने छ।